सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

फैसला

मुद्दाः- कुटपिट अंगभंग।

०७६-CR-१०९६

| | |
|---|---|
| जिल्ला संखुवासभा साविक पाथिभरा गा.वि.स. वडा नं.९ हाल मकालु गाउँपालिका वडा नं.३ आला बस्ने एकराज राईको जाहेरीले नेपाल सरकार..१ | पुनरावेदक वादी |

विरुद्ध

| | |
|---|---|
| जिल्ला संखुवासभा साविक पाथिभरा गा.वि.स. वडा नं.६ हाल मकालु गाउँपालिका वडा नं.३ गोले चौर हेडखुला बस्ने निस्पेक्टर भन्ने अजय राई..१<br>जिल्ला संखुवासभा मकालु गाउँपालिका वडा नं. ३ बस्ने धर्मनाथ राई.........१ | प्रत्यर्थी प्रतिवादी |

सुरु तहको फैसला विवरण

| | |
|---|---|
| फैसला गर्ने अदालतः | सङ्खुवासभा जिल्ला अदालत, चैनपुर |
| फैसला गर्ने न्यायाधीशः | माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल |
| फैसला मितिः | २०७५।०८।१९ |

पुनरावेदन तहको फैसला विवरण

| | |
|---|---|
| फैसला गर्ने अदालतः | उच्च अदालत विराटनगर, धनकुटा इजलास |
| फैसला गर्ने न्यायाधीशः | माननीय न्यायाधीश श्री नीता गौतम दीक्षित<br>माननीय न्यायाधीश श्री वीरेन्द्र कुमार कर्ण |
| फैसला मितिः | २०७६।०५।११ |

उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।०५।११ को फैसला उपर वादी नेपाल सरकारको तर्फबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को उपदफा (१) को खण्ड (ग) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

## मुद्दाको संक्षिप्त तथ्य

१. धर्मराज भन्ने धर्मनाथ राईले आफ्नै कान्छी श्रीमती वर्ष ५० की श्याममाया राईलाई विगत केही वर्षदेखि नै मादक पदार्थ सेवन गरी कुटपिट गर्ने यातना दिई घरमा बस्न नसक्ने अवस्था सृजना गरेकोले निज श्याममाया राई घर छाडी बाटो बनाउने काम गर्दै आफ्नो गुजारा गर्ने एक वर्ष अगाडिदेखि नै थालेकी थिइन्, सो समयमा पनि निज विपक्षी श्रीमानले दुःख दिन थालेपछि निज श्याममाया राईले मसँग विवाह गर्नको लागि आग्रह गरेकी हुँदा मेरो पनि श्रीमती विगत ४ वर्ष अगाडि नै मृत्यु भएकोले निज श्याममाया राईलाई म जाहेरवालाले गत तीन महिना अगाडिदेखि श्रीमती बनाई हामी एक आपसमा सरसल्लाह गरी सँगै बस्दै आएकोमा मिति २०७५।०२।२२ गते म पल्लो बैधे गाउँतर्फ गएको बखतमा पछि थाहा पाए अनुसार निज श्रीमती श्याममाया राई मेरो घर नजिकै रहेको अलैंचीबारीमा काम गरी कटेरोमा थकाई मारी बसिरहेको अवस्थामा विपक्षीहरु निस्पेक्टर भन्ने अजय राई र धर्मराज भन्ने धर्मनाथ राई सुनियोजित ढङ्गले जोखमी धारिलो हतियार खुकुरी सहित लिई उक्त स्थानमा पुगी विपक्षी धर्मनाथ राईले मेरी श्रीमती श्याममाया राईलाई सो कटेरोबाट जबरजस्ती बाहिर निकाली अचानोमा राखी दाहिने हातको बीचको तीनवटा औंला र बायाँ हातको कुहिनादेखि तल खुकुरीले प्रहार गरी काटी छिनाली दिएको अवस्थामा अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राई तिर लिई वारदात स्थानमा तैनाथ रहेको थियो। मेरी श्रीमतीको हात काटी अंगभंग पारी विपक्षीहरु त्यहाँबाट भागी गएका हुन्। हाल घाइते श्याममाया राईलाई जिल्ला अस्पताल संखुवासभामा ल्याई इमेरजेन्सी वार्डमा भर्ना गरिदिएकोमा सुविधायुक्त अस्पतालमा लैजान रिफर समेत गरिदिएको हुँदा निज विपक्षीहरुलाई कानून बमोजिम कारबाही गरी घाइतेलाई लाग्ने औषधि उपचार खर्च तथा क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत बेहोराको एकराज राईले दिएको जाहेरी दरखास्त।

२. म भारतको सिलाङतर्फ बस्दा जिल्ला संखुवासभामा साविक पाथीभरा गा.वि.स. वडा नं. ०७ हाल ऐ.मकालु गाउँपालिका वडा नं. ०३ बस्ने धर्मराज राईसँग भेट भई सोही स्थानमा मेरो निज धर्मराज राईसँग विवाह भएको थियो। जेठी छोरी शिलाको जन्म भएपछि हामी आफ्नै घर पाथीभरा हेदाङना फर्की आएको, त्यसपछि निज र मेरो ३ छोरी ४ छोराको जायजन्म भएको हो। निज श्रीमानले मलाई पटक पटक कुटपिट गर्ने, यातना दिने घरबाट निस्किएर गईहाल भन्ने गरेकोले निज श्रीमानलाई छाडी म बाटो

बनाउने काममा मजदुरी गर्न एक वर्ष अगाडिदेखि थालेकी, त्यसपश्चात पनि निज श्रीमानले घरमा बस्न नदिएकोले म विवश भई हालको श्रीमान ऐ.साविक पाथीभरा गा.वि.स.वडा नं.९ हाल ऐ.मकालु गाउँपालिका वडा नं.३ बस्ने एकराज राईसँग मैले आजभन्दा करिव तीन महिना अगाडि नै विवाह गरी गएकी हुँ। निजको श्रीमती अर्कासँग गएकीले मैले निज एकराज राईसँग विवाह गरी जीवन यापन गर्दै आएकोमा मिति २०७५।०२।२२ गते अं.१४:३० बजेको समयमा आफ्नै अलैंचीबारीको याक्सा भित्र बसेको अवस्थामा विपक्षी धर्मराज राई के कताबाट आई उक्त कटेरो भित्र प्रवेश गरी मलाई समाती बाहिर निकाली मैले लगाएको कपडा, चप्पल समेत निजले बोकी ल्याएको खुकुरीले काटिदिएको सो समयमा यस्तो नगर्नु भन्दै आफूलाई बचाउने मानिस कोही छ कि भनी हेर्दा निजकै भतिजो ऐ.साविक पाथीभरा गा.वि.स.वडा नं. ०७ हाल ऐ.मकालु गाउँपालिका वडा नं.०३ बस्ने अन्दाजी वर्ष २२/२४ को गाउँघरमा बोलाउने नाम निस्पेक्टर भन्ने मानिसले तीर जस्तो जोखिम हतियार बोकी नजिकै आइपुगेको थियो। सोही समयमा निज धर्मराज राईले मेरो दाहिने हात अचानोमा राखी काट्न लाग्दा मैले बचाउ गर्नको लागि तान्दा बीचको तीनवटा औंला मेरो काटी छिनेको, त्यसपश्चात बायाँ हात अचानोमा राखी कुहिना भन्दा तल निजले खुकुरीले प्रहार गरी काटी छिनाई दिएको हो। निज विपक्षी धर्मराज राईले मेरो हात काट्दाको अवस्थामा निजको भतिजो निस्पेक्टर भन्नेले हेरी बसेका थिए। त्यसपछि हामी जाउँ भन्दा निजहरु दुवैजना गएका हुन्। हाल मेरो जिल्ला अस्पताल खाँदवारी संखुवासभामा उपचार भइरहेको छ। मेरो बायाँ हातको नाडी भन्दा तलको भाग पूर्ण रुपमा छिनाइसकेको छ भन्ने समेत बेहोराको घाइते श्यामममाया राईले गरिदिएको मौकाको कागज।

३. "Loss of left hand below elbow, loss of middle 3 fingers of right hand" भन्ने समेत बेहोराको जिल्ला अस्पताल संखुवासभाबाट प्राप्त घाइते श्याममाया राईको घाउ जाँच केश फाराम रिपोर्ट।

४. मिति २०७५।०२।२२ गतेका दिन म आफ्नै खेतमा जोत्दै गरेको अवस्थामा श्याममाया राई मेरै घरदेखि नजिकै रहेको अलैंची गोडमेल गरी थकाई मार्नको लागि उक्त अलैंचीबारीमा नै भएको याक्सा कटेरोमा बसिरहेको अवस्थामा निजको पहिलेको श्रीमान धर्मनाथ राई र निस्पेक्टर भन्ने अजय राई आई निस्पेक्टर भन्ने अजय राई उक्त घटनास्थलमा तैनाथ भई बसेको र धर्मनाथ राईले श्याममायालाई जवरजस्ती उक्त

स्थानबाट बाहिर निकाली निजले बोकी ल्याएको खुकुरीले निजको दाहिने हातको बीचको तीनवटा औंला र बायाँ हातको कुहिनाभन्दा तलको भाग काटी छिनाई दिएछन्। निज घाइतेलाई उपचारको लागि लानुपर्छ भनी मलाई भन्दा म हलो जोत्न छाडी निज सँगसँगै घाइते भएको स्थानमा आइपुग्दा गाउँका मानिसहरु भेला जम्मा भइसकेका रहेछन्। निज घाइतेको दाहिने बीचको तीनवटा औंला र बायाँ हातको कुहिनादेखि तलको भाग काटी छिनालिएको र सो घाउबाट रगत बगिरहको थियो भन्ने समेत बेहोराको उत्तर कुमार राईले गरिदिएको घटना विवरण कागज।

५. जिल्ला संखुवासभा साविक पाथीभरा गा.वि.स. वडा नं. ०९ हाल ऐ.मकालु गाउँपालिका वडा नं. ३ स्थित पूर्वमा जाहेरवाला एकराज राईको अलैंचीबारी, पश्चिममा सितोङ खोला, उत्तरमा पैदल हिंड्ने गोरेटो मुल बाटो दक्षिणमा चोरख्याक डाँडा जंगल यति चार किल्लाभित्र रहेको अलैंचीबारी, सो बारीको पूर्व मोहडा प्लाष्टिकको छानो भएको याक्सा (कटेरो) रहेको सो कटेरोको अगाडि पूर्व भागको छेउमा उत्तर फेद दक्षिण टुप्पो, उत्तर दक्षिण भुईंमा ४० फिट लम्बाई भएको उत्तिस जातको सुकेको रुखको काठ रहेको, उक्त रुखको फेदबाट १० फिटको भागमा रगत जस्तो पदार्थ लागेको र धारिलो हतियारले प्रहार गरेको जस्तो खतहरु रहेको, उक्त रुखको भागमा रगत जस्तो पदार्थ लागेको भाग आराले काटी १६ इन्च लम्बाई २५ इन्च गोलाई भएको टुक्रा, सो स्थानमा माटो हिलो रहेको, उक्त रुखको छेउमा सिरुको जस्तो हरियो घाँसमा रगत जस्तो पदार्थ लागेको उक्त घाँस समेत प्रहरीले उठाई लगेको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का।

६. जिल्ला संखुवासभा साविक पाथीभरा गा.वि.स.वडा नं. ०७ हाल मकालु गाउँपालिका वडा नं. ०३ स्थित रहेको धर्मराज भन्ने धर्मनाथ राईको घरको वरण्डा भित्र पश्चिमतर्फ उत्तर, दक्षिण तेर्सो परेको काठको दलिन उक्त काठको दलिनमा सिउरेर लुकाई छिपाई राखिएको अवस्थामा दाप सहितको खुकुरी रहेको, उक्त खुकुरी फेला पारी बरामद गरेको भन्ने समेत बेहोराको बरामदी/ खानतलासी मुचुल्का।

७. म मिति २०३५ सालतिर रोजगारीको सिलसिलामा भारतको सिलाङमा बस्दा नै जिल्ला संखुवासभा नुम मांङसिमा घर भएकी श्याममाया राईसँग भेट भई एक अर्कालाई मनपराई मिति २०३६ साल तिर नै हामी दुवैजनाले सिलाङमा नै विवाह गरेका हौं। विवाह भएको ३/४ वर्षसम्म सिलाङमा नै काम गरी बस्यौं। हामी श्रीमान श्रीमतीको सम्पर्कबाट जेठी

छोरी शिलाको जन्म भएपछी म निज श्रीमती समेतलाई साथमा लिई हाम्रो आफ्नै पुरानो घर फर्की आएका थियौं। हामी आफ्नै गाउँघरमा काम गरी बस्दै आएकोमा ४ भाइ छोरा र ३ बहिनी छोरी लगायत जम्मा ८ छोरा छोरीको जायजन्म भएको हो। निज श्रीमती विगत तीन वर्ष अगाडिदेखि मसँग बारम्बार झगडा गर्ने रिसाउने छोरा छोरीहरुलाई घरमा छाडी हिंड्ने गर्दै आएकी थिइन्। निजलाई मैले खोजी गरी ल्याई घरमा सानासाना छोरा छोरीहरु छन् तिनीहरुलाई स्याहार-सुसार गरी बस भनी सम्झाई बुझाई गर्दै आएकोमा, आजभन्दा करिव तीन महिना अगाडि निज श्रीमती श्याममाया राईलाई जिल्ला संखुवासभा साविक पाथीभरा गा.वि.स.वडा नं. ९ हाल ऐ.मकालु गाउँपालिका वडा नं.०३ आला बस्ने एकराज राईले के कसरी फकाई श्रीमती बनाई लगेका रहेछन्, निज श्रीमतीलाई ल्याई घरमा राख्नु पर्छ र निज श्रीमती आउन नमानेमा निजको हात काटी अपाङ्ग बनाई दिने सोच राखी मैले मिति २०७५।०२।२१ गतेका दिन मेरो भतिजो नाता पर्ने गाउँ कै कृष्णराज राईको छोरा निस्पेक्टर भन्ने अजय राईको घरमा गई निजलाई खोज्दा नभेटेपछी निजको आमालाई छोरालाई साँझमा मसँग भेट्न पठाइदेउ भनी म आफ्नो घर आएँ। सोही दिनको बेलुकी अं.२०:३० बजेको समयमा निज भतिजो मेरो घर नजिकैबाट भोज खाई आफ्नो घर तर्फ जाँदै गरेको अवस्थामा निज भतिजोलाई भेटी भोलि विहानै मेरो घरमा आउ काम छ भनी भन्दा भतिजो हुन्छ आउँछु काका भनी गई सो को भोलिपल्ट अर्थात मिति २०७५।०२।२२ गते विहान अं. ८/९ बजे तिर मेरो घरमा आइपुगेकोले म र भतिजो तत्कालीन मेरी श्रीमती भएको स्थान तर्फ हिंड्दाको अवस्थामा भतिजोले कहाँ जाने काका भनी सोध्दा एकजनासँग पैसा लिनु छ र काकी पनि सोही बाटोमा भेटिन्छिन् लिएर आउनु पर्छ भनी हामी दुवैजना उक्त स्थान तर्फ हिंड्यौं। मैले आफ्नै खुकुरी, भतिजोले माछा मार्ने टाँगा (निगालो) बोकेका थियौं। हामी दुवै काका भतिजा अं.१४:३० बजेको समयमा मेरो तत्कालिन श्रीमती श्याममाया राई बसेको अलैंचीबारी याक्सामा पुग्यौं। भतिजोलाई सो याक्साको बाहिर राखी म याक्सा कटेरो भित्र हेर्दा श्रीमतीलाई देखी निजलाई मसँग हिंड भन्दा नमानेकीले मैले तँ मसँग नजाने भईस् अब तेरो हात काटी डुडे पारीदिन्छु भनी निज श्रीमतीलाई सो याक्साको बाहिर पट्टि ल्याई निजले लगाएको कपडा काटी सोही याक्सा छेउमै ढली सुकेको रुखमा निज श्रीमतीको दाहिने हात राखी मैले बोकी लगेको खुकुरीले बीचको तीनवटा औंला काटी छिनाली अर्को बायाँ हातको औंला पनि त्यसरी नै काट्न लाग्दा मैले खुकुरी प्रहार गर्दा ढली

राखेको रुखको हाँगा हो कि वा याक्सामा लगाएको काठमा खुकुरी ठोकिंदा निजको बायाँहातको कुहिना देखी तलको भाग काटीन गई छिनालिएको हो। उक्त समयमा मेरो भतिजो सोही स्थानमा तीर जस्तो माछा मार्ने टाँगा (निगालो) बोकी मेरो बचाउको लागी उभिराखेको थियो भन्ने समेत बेहोराको धर्मराज भन्ने धर्मनाथ राईले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

८. मसँग पक्राउमा परेका प्रतिवादी धर्मनाथ राई मिति २०७५।०२।२१ गते मेरो घरमा आई मलाई खोजेका रहेछन् म नभेटेपछी मेरी आमालाई निस्पेक्टरलाई मसँग भेट्न मेरो घरमा पठाइदिनु जरुरी काम छ भनी जानु भएको रहेछ, म फुटबल खेल्न स्कुल तर्फ गएको थिएँ। स्कुलबाट घरमा आउँदा मेरी आमाले तँलाई काका धर्मनाथ राई खोज्न आएको थियो, जरुरी काम छ अरे जसरी पनि भेट्नु भनेको छ भनी आमाले मलाई भन्नुभयो। साँझमा गाउँमा विवाहको रित बुझाएको भोज रहेकोले म सो भोज खान गई भोज खाई फर्की घर तर्फ आउँदै गर्दाको अवस्थामा अं.२०:३० बजेको समयमा काका धर्मनाथ राई मसँग भेट हुँदा भोलि विहान मेरो घरमा आइज जरुरी काम छ भन्दा म हुन्छ आउँछु भनी आफ्नो घर गएँ। सो को भोलिपल्ट अर्थात मिति २०७५।०२।२२ गते विहानको अं.८/९ बजेको समयमा काकाको घरमा गई निजसँग भेटी के काम छ काका भनी सोध्दा अलैंचीबारी तर्फ जाउँ एकजनासँग पैसा लिनु छ र काकीलाई पनि भेट्नु छ, भेटेपछी लिएर आउनु पर्ने हो भनी भनेपछी हामी दुवैजना काकी बसेको अलैंचीबारी तर्फ हिंड्यौं। मैले तीर जस्तो देखिने माछा मार्ने टाँगा (निगालो) बोकेको थिएँ, काकाले आफ्नै खुकुरी बोक्नु भएको थियो। अं.१४:३० बजेको समयमा काकी भएको अलैंचीबारीमा पुग्यौं। म चाहिँ बाहिर बसें काका धर्मनाथ राई काकी बसेको याक्सामा प्रवेश गरी काकीलाई मसँग घर जाउँ भन्दा काकीले नमानेपछि काकाले बोकेको खुकुरीले काकीले लगाएको कपडा काटी तँलाई डुडो पारीदिन्छु भनी याक्साबाट बाहिर निकाली छेउमा सुकेको लडिराखेको रुखमा काकीको दायाँ हात राखी दायाँ हातको तीनवटा औंला काटी दिई अर्को बायाँ हातको औंला काट्न लाग्दा के कसरी हो सो हातको कुहिना देखी तलको भाग काटी छिनाली दिएको, काकी सो समयमा रुँदै कराउँदै मलाई भतिजो बचाउ बचाउ भन्दै हुनुहुन्थ्यो, मैले काका अब भयो छोडदिनु हामी जाउँ भन्दा काकाले पनि काट्न छाडी दिएको हो भन्ने समेत बेहोराको प्रतिवादी निस्पेकटर भन्ने अजय राईले अधिकार प्राप्त अधिकारी समक्ष गरिदिएको बयान।

९. मिति २०७५।०२।२२ गतेका दिन विहानदेखि घर लिपपोत गरी दिउँसोको समयमा सुंगुरलाई चारो ल्याउनु पर्छ भनी म आफ्नो खेततिर गएँ। अन्दाजी ३/४ बजेको समयमा घटनास्थल नजिक पुगी बुहारी श्याममाया राई विहान अलैंचीवारीमा काम गर्न आएको कुरा सम्झी बुहारीलाई जोरले कराई बोलाउँदा नबोलेकी, मैले सुंगुरको लागि चारो काट्न थालें, त्यसको केही समय पछि बुहारीले कराउँदा मैले सुनी बुहारी भएको ठाउँ याक्सामा जाँदा बुहारी पुरै नाङगो अवस्थामा रहेकी निजको दायाँ हातको बीचको दुईवटा औंला र बायाँ हातको कुहिनादेखि तलको भाग काटी छिनालिएको सो घाउबाट रगत बगिरहेको थियो। सो दृष्य मैले देखी आएकी हुँ। कसले बुहारी तिम्रो हात काटी दिएको हो भनी सोध्दा मेरो पहिलाको वुढा धर्मनाथ राई र निजको भतिजो नाता पर्ने निस्पेकटर भन्ने अजय राई आई धर्मनाथ राईले बोकी ल्याएको खुकुरीले मेरो हात काटीदिएको हो भनी भाई बुहारी श्याममाया राईले बताएकी हुन् भन्ने समेत बेहोराको काहिली राईले गरिदिएको घटना विवरण कागज।

१०. मिति २०७५।०२।२२ गतेका दिन जाहेरवालाको श्रीमती श्याममाया राईलाई विपक्षी धर्मराज भन्ने धर्मनाथ राई र निजकै भतिजो नाता पर्ने निस्पेक्टर भन्ने अजय राई समेत आई निजहरुले हात काटिदिएको भन्ने कुरा सुनी थाहा पाई म निज जाहेरवालाको घरमा पुग्दा निज श्याममाया राईको दायाँ हातको बीचको ३ वटा औंला, बायाँ हातको कुहिनादेखि तलको भाग काटी छिनाली दिएको र सो घाउबाट रगत बगिरहेको थियो भन्ने समेत बेहोराको मनलक्ष्मी राई समेतले एकै मिलानमा लेखाइदिएको वस्तुस्थिति मुचुल्का।

११. प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईले प्रतिवादी निस्पेक्टर भन्ने अजय राई समेतलाई लिई पूर्व नियोजित ढङ्गबाट हतियार खुकुरी सहित उक्त स्थानमा गई निज श्याममाया राईलाई कटेरो भित्रबाट तानेर बाहिर निकाली प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईले निज श्यामाया राईको दायाँ हातको ३ वटा औंला छिनालेको र बायाँ हातको कुहिनादेखि तलको भागमा पूर्ण रुपमा छिनाई अंगभंगको कसुर गरेको तथ्य खम्बीर रुपले सिद्ध हुन आएकोले मुलुकी ऐन, कुटपिटको महलको १ तथा २(७) नं. अनुरुपको कसुरमा प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राई र प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सोही महलको ६ नं. बमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरको मिति २०७५।०३।१७ गतेको अभियोग पत्र।

१२. मिति २०७५।०२।२२ गते दिनको १४:३० बजेको समयमा म धर्मराज भन्ने धर्मनाथ राईसँग सँगसाथ लागी कहीं कतै गएको होइन। आफ्नो जग्गाजमिन नभएको हुँदा अर्काको जग्गा अधियाँ गरी आफ्नो परिवार पाली आएको हुँदा उक्त मितिको दिन विहान अन्दाजी ६-७ बजेतिर गोरू लिई खेत जोत्न गई दिनभर खेत जोती बेलुकी अन्दाजी ५-६ बजेतिर मात्र घर गई खाना खाई सुतिरहेको अवस्थामा रातको अन्दाजी १२-१ बजेतिर पक्राउ गरी प्रहरी थानामा लगी मलाई किन यहाँ ल्याएको भनी सोध्दा त्यहाँका इनिस्पेक्टरसमेतले लात्ता, मुक्का, चप्पलसमेतले कुटपिट गरी मेरो कानको सुन्ने शक्ति ३ दिनसम्म हनन गरी जबरजस्ती जिल्ला प्रहरी कार्यालयमा ल्याई बुझाएको हो। मेरो उक्त वारदातमा कुनै संलग्नता छैन। सह अभियुक्त धर्मनाथ राईले के के गरे मलाई थाहा भएन। आज भन्दा करिव १ वर्ष अगाडिदेखि यी पीडित भनिएकी श्याममाया राईलाई मैले देखेको समेत छैन। हाल म र निज धर्मनाथ राई पक्राउ परी आएपछि निज धर्मनाथले भने अनुसार निजको श्रीमती २-३ महिना अगाडिदेखि यी प्रतिवादीलाई छाडी जाहेरवालासँग विवाह गरी गएको भन्ने कुरा हालमात्र थाहा पाएको हुँ। म निर्दोष व्यक्ति उपर झुठा जाहेरी दिएउपर निजलाई कानून बमोजिम कारवाही समेत गरी पाउँ। अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान बेहोरा मैले भनी लेखाएको होइन। प्रहरी कर्मचारीले लेखी तयार पारेको कागजमा सही गर् भनेकोले पढी वाची सुनाउनुहोस् भन्दा कुटपिट गरी जबरजस्ती सहीछाप गराएका हुन्। सहीछाप मेरै हो भन्ने समेत बेहोराको प्रतिवादी निस्पेक्टर भन्ने अजय राईले मिति २०७५।०३।१८ गते सुरु अदालतमा गरेको बयान।

१३. जाहेरीमा उल्लिखित पीडित श्याममाया राई मेरो श्रीमती हुन्। निजको गर्भकोखबाट १० जना छोराछोरीको जायजन्म भएकोमा २ जनाको सानैमा मृत्यु भएको अवस्थामा आजभन्दा २-४ महिना अगाडिदेखि निज श्रीमती यी जाहेरवालासँग लागी गत जेठ महिनाबाट मलाई छोडी निजसँगै विवाह गरी गएको भए तापनि छोराछोरी नाबालक हुँदा निजहरूको स्याहार सुसार गर्ने मानिस कोही नभएको, मेरो उमेर वृद्ध भएको हुँदा निजलाई जे हुनु भइगयो, फर्की मसँगै आउ, नानीहरूको स्याहार गरी घरमा बस, म बनिबुतो गरी तिमीलाई पाल्छु भनी पटकपटक भन्दासमेत निज नमानेको अवस्थामा म अलैंची गोड्न भनी मिति २०७५।०२।२२ गते विहान अन्दाजी ९:०० बजेतिर गई अलैंची गोडी २:०० बजेतिर म आफ्नो घरतिर फर्कने क्रममा बाटो भन्दा केही तल यी

पीडित त्रिपालले छाएको गोठमा बसेको देखी निजलाई ए सिलाको आमा के गर्दैछौ? भनी सोधें। निजले मलाई हेरी हात लोपऱ्यो। त्यसपछि म निज भएको ठाउँमा गई निजलाई जे हुनु भयो, घर हिंड्, छोराछोरी तथा मेरो समेत बिजोग भयो भन्दा तसँग जाँदै जान्न भनेकोले मैले अलैंची गोड्न बोकेको दाउले निजको दुवै हातको औंला काटिदिएको हुँ। उक्त वारदातमा प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको संलग्नता छैन। निज सो दिन मसँग गएको पनि होइन। किन मसँगै गएको भनी लेखाए थाहा छैन। अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान बेहोरामा प्रतिवादी निस्पेक्टर भन्ने अजय राई मेरो साथमा मसँग गएको थियो भन्ने बेहोरा मैले भनी लेखाएको होइन। निजलाई यो घटना सम्बन्धमा केही थाहा छैन। अनुसन्धान अधिकारी समक्षको बयानमा भएको सहिछाप मेरै हो भन्ने समेत बेहोराको प्रतिवादी धर्मनाथ राईले मिति २०७५।०३।१८ गते सुरु अदालतमा गरेको बयान।

१४. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी मध्येका धर्मनाथ राईलाई मुलुकी ऐन, अ.वं. ११८ को देहाय २ बमोजिम कानून बमोजिम सिधा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय खाँदबारीमा थुनामा राख्न पठाइदिनू र प्रतिवादी निस्पेक्टर भन्ने अजय राईबाट मुलुकी ऐन, अ.वं. ११८ नं. को देहाय ५, १० बमोजिम रु. २०,०००।- (बीस हजार) नगद वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राखी दिन नसके कानून बमोजिम सिधा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय, खाँदबारीमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७५।०३।१८ मा भएको आदेश।

१५. धर्मराज भन्ने धर्मनाथ राईको श्रीमती पीडित श्याममाया गाउँकै जाहेरवाला एकराज राईसँग विवाह गरी गएकी हुँदा यी प्रतिवादीले धर्मनाथ राईले बाल बच्चा सानै छन्, यसरी नहिंड जाउँ घरमा बस्नुपर्छ, किन विवाह गरी हिंडेकी भन्ने सम्बन्धमा पीडित र प्रतिवादी धर्मनाथ राई बीच मिति २०७५।०२।२२ गतेका दिन सामान्य झगडा भई पीडित श्याममाया राई उपचारको लागि लगे भन्ने खबरसम्म सुनेकी हुँ। प्रतिवादी अजय राईले चाहिं प्रतिवादी धर्मनाथ राई र पीडिता लडाई गर्दाका बखत छुट्याई दिएको भन्ने कुरा झुठा हो। निज प्रतिवादी अजय राई उक्त दिन आफ्नो खेतमा गोरू जोति वारदात स्थल भन्दा १ घण्टा टाढाको खेतमा थिएँ। बस्तुस्थिति मुचुल्काको बेहोरा मैले लेखाएको

होइन। प्रहरीले लेखी कागज तयार गरी सहीछाप गराएका हुन्। पीडित श्याममाया राईको देब्रे हात चाहिँ काटिएको छ भने दाहिने हातको औंलाको टुप्पाहरू मात्र काटिएको हुँदा खान लाउन र एकहातले सामान्य काम गर्न सक्छिन् भन्ने समेत बेहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने कृष्णमाया राईले सुरु अदालतमा गरेको बकपत्र।

१६. मिति २०७५।०२।२२ गतेका दिन धर्मराज भन्ने धर्मनाथ राईको श्रीमती पीडित श्याममाया राई गाउँकै एकराज राईसँग विवाह गरी गएकी हुँदा यी प्रतिवादी धर्मनाथ राईले बालबच्चा सानै छन्। यसरी नहिँड घर जाऔं भनी भन्दा निज पीडित नमाने पश्चात यी प्रतिवादी धर्मनाथ र पीडित बीच चर्का चर्की परी काटा काट भएको भन्ने बेहोरा सुनी थाहा पाएकी हुँ। अर्को प्रतिवादी निस्पेक्टर भन्ने अजय राई उक्त दिनको दिउँसो आफ्नै खेतमा जोतिरहेको देखेकी हुँ। वस्तुस्थिति मुचुल्काको बेहोरा मैले भनी लेखाएको होइन। सहीछाप मेरै हो। उक्त घटनामा प्रतिवादी अजय राईको संलग्नता छैन भन्ने समेत बेहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने मनलक्ष्मी राईले सुरु अदालतमा गरेको बकपत्र।

१७. यी प्रतिवादी अजय राई र जाहेरवाला बीच गाउँमा बल खेल्ने क्रममा झगडा भएको थियो। सोही रिसइवी साँधनका लागि मौका परेका बेला निस्पेक्टर भन्ने अजय राई समेतको वारदात घटाउनमा संलग्नता रहेको भनी जाहेरी दिएका मात्र हुन् भन्ने समेत बेहोराको निस्पेक्टर भन्ने अजय राईका साक्षी वृटिस राईले सुरु अदालतमा गरेको बकपत्र।

१८. पीडित श्याममाया प्रतिवादीमध्येका धर्मनाथका श्रीमती हुन् निज प्रतिवादीलाई छाडी अनेत्र पोइला गएकोमा निज पीडितलाई भेटी घर जाउँ भन्दा निज पीडित जान नमानी दुवैजना लाप्पा खेल्दा निज पीडित खम्बामा समाती आउन नमानेको कारण सो खम्बा नै काटी तानी घर लैजान खोज्दा निजको हात काटिन गएको हो। पीडितको हात काटी अंगभंग बनाउने मनसायले काटेको होइन निजको उपचार यी प्रतिवादीकै तर्फबाट भएको र निजको बायाँ हात काटिए पनि दाहिने हातले सम्पूर्ण काम गर्न सक्ने अवस्थाको छ सोही हातले खाना खाने, लुगा लगाउने, मोबाइल चलाउनेसमेत गर्दछिन् भन्ने समेत बेहोराको प्रतिवादी धर्मनाथको साक्षी राइमान राईले सुरु अदालतमा गरेको बकपत्र।

१९. घटना विवरण कागजको बेहोरामा प्रतिवादी अजय राई वारदात स्थलमा थिएनन्। निजले वारदात घटाउनमा कुनै सहयोग गरेका छैनन्। प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईले

मात्र मेरो देब्रे हात पुरै कुहिना मुनि काटी छिनाली दिएका र दाहिने हातको ३ वटा औंला काटी बेकम्मा पारी दिएका हुन्। मैले पहिला पनि धर्मनाथले नै काटेका भनेकीमा कागजमा निस्पेक्टर भन्ने अजय राईको पनि संलग्नता रहेको भनी लेखिएको रहेछ। मलाई काट्नमा अजय राईको कुनै संलग्नता छैन। अन्य बेहोरा मैले नै भनी लेखाएको हो र सो मा भएको सहिछाप मेरै हो दाहिने हातको दुईवटा औंला मात्र छन्। हात निको हुँदैछ। दुई औंलाले चम्चा समाती चम्चाद्वारा खाना खान सक्छु भन्ने समेत बेहोराको पीडित श्याममाया राईले सुरु अदालतमा गरेको बकपत्र।

२०. जाहेरी दरखास्तको बेहोरा मैले भनी लेखाएको होइन। उक्त घटना हुँदाको अवस्थामा म घरमा नभई साविक पावखोला गाउँपालिका स्थित वैधे भन्ने स्थानमा थिएँ। मेरो श्रीमती काटिएको कुरा थाहा जानकारी भएको हुँदा पीडित भएको स्थानमा अलैंची बारीमा आउँदा मेरो श्रीमतीलाई निज प्रतिवादी धर्मनाथ राई, पीडितको पहिला पट्टीको छोराले उपचारको लागि धरान घोपा क्याम्पमा लगिसकेको हुँदा सो अवस्थामा पीडितको बारेमा केही थाहा भएन। म जिल्ला प्रहरी कार्यालय खाँदवारीमा आई मेरो श्रीमतीलाई प्रतिवादीमध्येका धर्मराज भन्ने धर्मनाथले काटेछ के गर्ने भनी जिल्ला प्रहरी कार्यालयमा भन्दा प्रहरीले लेखेको कागजमा सही गर भन्दा पढी वाची नसुनी सहीछापसम्म गरिदिएको हुँ। हाल बुझ्दा प्रतिवादी धर्मनाथ राईले मेरो श्रीमतीको बायाँ हातको कुहिनाभन्दा मुनि र दायाँ हातको तीनवटा औंला छिनाइ दिएको रहेछ। सहीछापसम्म मेरै हो भन्ने समेत बेहोराको जाहेरवाला एकराज राईले सुरु अदालतमा गरेको बकपत्र।

२१. यी प्रतिवादी धर्मनाथ राईले अभियोग दावी बमोजिम मुलुकी ऐन, कुटपिट महलको १ र २(७) नं.को कसुर गरेको ठहर्नाले निजलाई सोही महलको ६ नं. बमोजिम ८ वर्ष कैद र रु २,००,०००।- (दुई लाख) जरिवाना हुने ठहर्छ। उपरोक्त ठहर भएतापनि निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईको उमेर अभियोग पत्रमा नै ६५ वर्ष लेखिएको र निज प्रतिवादी यस अदालतमा बयान गर्दा आफ्नो उमेर ६६ वर्ष लेखाइदिएको देखिँदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) (क) बमोजिम २५ प्रतिशत छुट हुने हुँदा निज प्रतिवादीलाई ६ वर्ष कैद र रु.१५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने ठहर्छ। निज प्रतिवादीबाट असुल हुने जरिवाना वापतको सम्पूर्ण रकम पीडित श्याममाया राईले घा खर्च वापत भराई पाउने ठहर्छ। अर्का प्रतिवादी

निस्पेक्टर भन्ने अजय राईको हकमा निजले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्ने सुरु संखुवासभा जिल्ला अदालतको मिति २०७५।०८।१९ गतेको फैसला।

२२. मेरो श्रीमतीको बायाँ हातको तीनवटा औंला यी प्रतिवादीहरुले खुकुरीले काटी छिनाली दिएको हुँदा कारबाही गरी पाउँ भनी घाइतेका श्रीमान एकराज राईले यी प्रतिवादीहरु उपर किटानी जाहेरी दिएको प्रस्तुत वारदातकी घाइते श्याममाया राईले मौकामा कागज गर्दा घटनास्थल आफ्नै अलैंची वारीमा रहेको कटेरो भित्र बसेको अवस्थामा प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राई के-कताबाट आई कटेरा भित्र प्रवेश गरी मलाई समाती बाहिर निकाली मेरो लुगा काटिदिएकोमा यसो नगर्नु भन्दै बचाउको लागि मानिस कोही छ की भन्दा हेर्दा अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राई नजिकै थिए। प्रतिवादी धर्मनाथ राईले मेरो दाहिने हात अचानोमा राखी काट्न खोज्दा मैले बचाउको लागि तान्दा बीचको तीन ओटा औंला छिनिएको, त्यसपछि बायाँ हात अचानोमा राखी कुहिनो भन्दा तल खुकुरीले प्रहार गरी छिनाइ दिएको हो। यसरी मलाई प्रतिवादी धर्मनाथ राईले खुकुरी प्रहार गर्दा अर्का प्रतिवादी अजय राई हातमा टाँगो बोकी कोही आउँछ कि भनी हेरिबसेका थिए भनी लेखाइदिएको पाइन्छ। प्रतिवादी अजय राईले मौकामा बयान गर्दा सोही बमोजिम साविती बयान दिए तापनि अदालत समक्ष मात्र इन्कार रहेको अवस्था छ। आफूहरुलाई कैदबाट मुक्त गराउने उद्देश्यले वादी पक्षको साक्षीहरुलाई प्रभाव पारी प्रतिकूल बकपत्र गराएको कारणले मात्र प्रतिवादीले उक्त कसुरबाट सफाई पाउने भन्ने हुँदैन। तसर्थ प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सफाई दिने गरी भएको सुरु संखुवासभा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निजलाई समेत अभियोग दावी बमोजिमको कसुरदार ठहर गरी सजाय समेत गरी पाउँ भन्ने वादी नेपाल सरकारको उच्च अदालत विराटनगर, धनकुटा इजलासमा परेको पुनरावेदन पत्र।

२३. यी पीडित श्याममाया राई मेरी श्रीमती हुन्। निजसँगको सम्बन्धबाट हाम्रा १० जना छोराछोरीको जायजन्म समेत भइसकेको छ। विगत २/४ महिना अगाडि यी श्याममाया जाहेरवालासँग विवाह गरी गएकी र मैले निजलाई त्यसो नगर जे जस्तो गलती भए पनि फर्केर आउ भनी वारदातको दिन मिति २०७५।०२।२२ गते विहान ९.०० बजे तिर भन्दा मलाई उल्टै गाली गरी हातले लोपारी दिएको हुनाले रिस उठी म अलैंची गोड्न भनी लिएर गएको दाउले निजको दुवै हातको औंला काटिदिएको हुँ। रिसको आवेगमा मैले त्यस्तो काम गरेतापनि निजलाई मैले नै उपचार गरी निको पारेको छु। मैले

निजलाई अपाङ्ग बनाउने उद्देश्य बोकी योजना बनाई हानेकाटेको होइन। सो समयमा अजय राई त्यहाँ थिएनन्। यस्तो अवस्थामा समेत दुवैहात काटी बेकम्मा बनाइदिएको भनी ८(आठ) वर्ष कैद र रु.२,००,०००/- (दुई लाख) जरिवाना हुने ठहऱ्याएको सुरु फैसला त्रुटिपूर्ण छ। यी घाइतेको बायाँ हात काटिएको भए तापनि दायाँ हात पुरै काटिएको नभई कान्छी र बुढीऔंला मात्र काटिएका हुन्। बीचका तीनवटा औंला सग्ला भई एउटा हात काम लाग्ने अवस्थाको भएको हुँदा सुरु फैसला बदर गरी न्याय इन्साफ गरी पाउँ भन्ने बेहोराको प्रतिवादी धर्मनाथ राईको उच्च अदालत विराटनगर, धनकुटा इजलासमा परेको पुनरावेदन पत्र।

२४. यसमा सुरु संखुवासभा जिल्ला अदालतबाट मिति २०७५/०८/१९ मा फैसला हुँदा प्रतिवादीहरु मध्येका निस्पेक्टर भन्ने अजय राईले आरोपित कसुरबाट सफाई पाएकोमा सो उपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट तथा अर्का प्रतिवादी धर्मराज भन्ने धर्मराज राईलाई आरोपित कसुरमा कैद र जरिवाना हुने ठहऱ्याएकोमा सो उपर चित्त नबुझाई प्रतिवादी धर्मराज भन्ने धर्मराज राईको तर्फबाट छुट्टाछुट्टै पुनरावेदन परेको सन्दर्भमा प्रमाण मुल्याङ्कनको रोहमा सुरु अदालतको फैसला फरक पर्न सक्ने देखिई विचारणीय देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रस्तुत आदेश र वादी नेपाल सरकारको पुनरावेदन पत्रको प्रमाणित प्रतिलिपि प्रत्यर्थी प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई र पुनरावेदक प्रतिवादी धर्मराज भन्ने धर्मराज राईको पुनरावेदनपत्रको प्रमाणित प्रतिलिपि वादी नेपाल सरकारलाई दिई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार गर्नु भन्ने बेहोराको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६/०२/१४ गतेको आदेश।

२५. प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईलाई अभियोग दावी बमोजिम साविक मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम ८ (आठ) वर्ष कैद हुने र ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१)(क) बमोजिम जरिवाना समेत २५ प्रतिशत छुट हुने गरी मिति २०७५।०८।१९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिएकोले सुरु फैसला आंशिक बदर (केही उल्टी) भई निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईलाई साविक मुलुकी ऐन, कुटपिटको महलको ६ नं. अनुसार रु.१,००,०००।-(एक लाख) जरिवाना र ४(चार) वर्ष कैद हुने तथा जरिवाना वापत प्राप्त पुरै रकम पीडितलाई घा खर्च वापत भराई दिने र प्रतिवादीको उमेर ६६ वर्ष भएको देखिएकोले निजले ज्येष्ठ

नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार कैदमा छुट पाउने हुँदा निजलाई ठहरेको चार वर्ष कैदमा पच्चिस प्रतिशतले छुट भई निज प्रतिवादीलाई ३ (तीन) वर्ष कैद हुने साथै प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको हकमा अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा सो हदसम्म फैसला सदर हुने ठहर्छ भनी उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।५।११ को फैसला।

२६. पीडितको घाउ जाँज केश फारममा अंगभंग भनी "Loss of left hand below elbow, loss of middle 3 fingers of right hand" भन्ने उल्लेख भएको देखिन्छ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालत समक्ष पीडितको देब्रे हात कुहिनादेखि तल काटी छिनाली दिएको र दाहिने हातको ३ वटा औंला कांटी दिएकोमा सावित भई बयान गरेको, यी प्रतिवादीको हतियारको प्रयोगबाट पीडितको एउटा हात छिनालिएको र अर्को हातको ३ वटा औंला छिनालिएको हुँदा दुवै हातले पीडितले सामान्य कार्य गर्न सक्ने अवस्था नदेखिएको अवस्था रहेको, अर्का प्रतिवादी निस्पेक्टर अजय राई वारदात स्थलमा मौजुदा रहेको भन्ने तथ्य मौकामा कारण गर्ने पीडिता श्याममाया राइले किटान गरी लेखाएको र निज प्रतिवादी स्वयंको अनुसन्धानको बयान समेतबाट निजको समेत वारदातमा संलग्नता रहेको तथ्य स्थापित भइरहेको अवस्थामा मुख्य प्रतिवादी धर्मनाथ राइलाई कम सजाय हुने र समान अवस्था र हैसियतका प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण भएको हुँदा बदरभागी छ। अतः प्रतिवादीहरुलाई अभियोग दावी वमोजिमको कसुर ठहर गरी सजाय गर्नु पर्नेमा सो नगरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलास, धनकुटा इजलासको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

२७. यसमा पीडितको देब्रे हातको कुहिनादेखि तल काटी छिनालेको र दाहिने हातको बीचको तीन वटा औंला काटिएको भनी घाउजाँच केश फारममा उल्लेख भएको देखिन्छ। यसबाट पीडितले दुवै हातले सामान्य कार्य गर्न सक्ने अवस्था देखिदैन। यसैगरी अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईले प्रतिवादी धर्मनाथ राईले उक्त कसुर गर्दाको अवस्थामा आफू अन्य व्यक्तिलाई रोकछेक गर्न बसेको भनी अनुसन्धान अधिकारी समक्ष बयान गरी कसुरमा संलग्नता स्वीकार गरेको देखिन्छ। यस स्थितिमा मुलुकी ऐन,

कुटपिटको महलको २ नं. बमोजिमको अवस्था स्पष्ट देखिइरहेको अवस्थामा दावी बमोजिम सजाय गर्नुपर्नेमा सो तर्फ विवेचना नगरी एउटा हात मात्र बेकम्मा भएको भन्ने आधार लिई प्रतिवादी धर्मनाथ राईलाई कम सजाय हुने र अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सफाई दिने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलास, धनकुटा इजलासबाट मिति २०७६।५।११ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० (३) बमोजिम प्रत्यर्थीहरूका नाउँमा म्याद जारी गरी झिकाई आए वा म्याद नाघेपछि नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७७।०७।१८ गते भएको आदेश।

## यस अदालतको ठहर

२८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री संगीता न्यौपाने ढुङ्गेलले प्रतिवादी धर्मनाथ राईले पीडित श्याममाया राईको देब्रे हात कुहिनादेखि तल काटी छिनाली दिएको र दाहिने हातको ३ वटा औंला काटी दिएकोमा सावित भई बयान गरेबाट यी पीडितको दुवै हात काम नलाग्ने अवस्थामा छ। अर्का प्रतिवादी निस्पेक्टर अजय राई वारदात स्थलमा मौजुद रहेको भन्ने तथ्य मौकामा कागज गर्ने पीडित श्याममाया राइले किटान गरी लेखाएको र निज प्रतिवादी स्वयंको अनुसन्धानको बयान समेतबाट स्थापित भइरहेको अवस्थामा मुख्य प्रतिवादी धर्मनाथ राईलाई कम सजाय हुने र समान अवस्था र हैसियतका प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सफाई दिने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो। प्रत्यर्थी प्रतिवादीहरुको तर्फबाट मुद्दा सुनुवाइको लागि पटक पटक पुकार गर्दा समेत निजको कानून व्यवसायीको उपस्थिति रहेको देखिएन।

२९. प्रस्तुत मुद्दामा मुलुकी ऐन, कुटपिटको महलको १ तथा २(७) नं. अनुरुपको कसुरमा प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राई र प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई सोही महलको ६ नं. बमोजिम सजाय गरी पाउँ भन्ने मुख्य अभियोग दावी रहेको देखिन्छ। प्रतिवादी धर्मनाथ राईले अभियोग दावी बमोजिम मुलुकी ऐन, कुटपिट महलको १ र

२(७) नं.को कसुर गरेको ठहर्नाले निजलाई सोही महलको ६ नं. बमोजिम ८ वर्ष कैद र रु २,००,०००।- (दुई लाख) जरिवाना हुने र सो ठहर भए तापनि निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) (क) बमोजिम २५ प्रतिशत छुट हुने हुँदा निज प्रतिवादीलाई ६ वर्ष कैद र रु.१५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने तथा निज प्रतिवादीबाट असुल हुने जरिवाना वापतको सम्पूर्ण रकम पीडित श्याममाया राईले घा खर्च वापत भराई पाउने साथै अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको हकमा निजले अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई संखुवासभा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। उक्त फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट अभियोग दावी बमोजिमको सजाय गरी पाउँ भनी तथा प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईको तर्फबाट सुरु अदालतको फैसला बदर गरी इन्साफ पाउँ भनी उच्च अदालत विराटनगर, धनकुटा इजलासमा दोहोरो पुनरावेदन परेकोमा सुरु संखुवासभा जिल्ला अदालतको फैसला आंशिक बदर भई निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईलाई साविक मुलुकी ऐन, कुटपिटको महलको ६ नं. अनुसार रु.१,००,०००।-(एक लाख) जरिवाना र ४(चार) वर्ष कैद हुने तथा जरिवाना वापत प्राप्त पुरै रकम पीडितलाई घा खर्च वापत भराई दिने र प्रतिवादीको उमेर ६६ वर्ष भएको देखिएकोले निजले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार कैदमा छुट पाउने हुँदा निजलाई ठहरेको चार वर्ष कैदमा पच्चिस प्रतिशतले छुट भई निज प्रतिवादीलाई ३ (तीन) वर्ष कैद हुने साथै प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको हकमा अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा सो हदसम्म फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट फैसला भएको देखिन्छ। उक्त फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट अभियोग दावी बमोजिमको सजाय गरी पाउँ भनी प्रस्तुत पुनरावेदन यस अदालतमा पर्न आएको देखियो।

३०. उपरोक्त तथ्य एवम् पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दाका सन्दर्भमा वादी नेपाल सरकारको तर्फबाट आएको तर्कपूर्ण बहस समेतलाई दृष्टिगत गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेको छ छैन र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

३१. अब निर्णय तर्फ विचार गर्दा, मिति २०७५।०२।२२ गते प्रतिवादीहरु धर्मराज भन्ने धर्मनाथ राई र निस्पेक्टर भन्ने अजय राईले जाहेरवालाको श्रीमती श्याममाया राई अलैंचीबारीमा काम गरी कटेरोमा थकाई मारी बसिरहेको अवस्थामा धर्मनाथ राईले पीडित श्याममाया राईलाई कटेरोबाट जबरजस्ती बाहिर निकाली निजको हात अचानोमा राखी दाहिने हातको बीचको तीनवटा औंला र बायाँ हातको कुहिनादेखि तल खुकुरीले प्रहार गरी काटी छिनाली दिएको र अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राई तीर लिई वारदात स्थानमा तैनाथ रही मेरी श्रीमतीको हात काटी अंगभंग पारी विपक्षीहरु त्यहाँबाट भागी गएका हुँदा निजहरुलाई कानून बमोजिम कारबाही गरी घाइतेलाई लाग्ने औषधि उपचार खर्च तथा क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भनी जाहेरवाला एकराज राईको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

३२. प्रतिवादी धर्मनाथ राईले अनुसन्धान अधिकारी समक्षको बयानमा पीडित श्याममाया यी प्रतिवादीको पूर्व श्रीमती रही निजहरुको बालबच्चा रहेकोमा हाल निज पीडितले जाहेरवालासँग विवाह गरेको हुँदा पीडितलाई ल्याई घरमा राख्ने र आउन नमानेमा निजको हात काटी अपाङ्ग बनाई दिने सोच राखी निस्पेक्टर भन्ने अजय राईलाई सँगसाथमा लगी गएको र पीडित आउन नमानेपछि निजको दाहिने हातको बीचको तीनवटा औंला काटी छिनाली अर्को बायाँ हातको कुहिनादेखि तलको भाग समेत छिनालिएको हो र अजय राईले निजको बचाउको लागि उभिराखेको थियो भन्ने बेहोरा लेखाइदिई उक्त कसुरमा सावित रही जाहेरी बेहोरालाई पूर्णतया समर्थन हुने गरी बयान गरेको देखिन्छ। निजले अदालत समक्ष बयान गर्दा अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको हकमा सम्म उक्त कसुरमा कुनै संलग्नता नरहेको भनी लेखाइदिएको देखिए तापनि पीडित श्याममाया राईको दाहिने हातको बीचको तीन औंला र देब्रे हात कुहिना मुनिबाट काटिदिएको भन्ने निज उपरको अभियोगदावीमा सावित नै रहेको देखिन्छ।

३३. पीडित श्याममाया राईले सुरु अदालत समक्ष बकपत्र गर्दा जाहेरी दरखास्त तथा निजको मौकाको कागज समर्थित हुने गरी उक्त वारदातमा निस्पेक्टर भन्ने अजय राईको कुनै संलग्नता नरहेको र धर्मनाथ राईले नै देब्रे हात कुहिना मुनि काटी छिनाली दिएका र दाहिने हातको तीनवटा औंला काटि बेकम्मा पारीदिएका हुन् भन्ने बेहोरा लेखाएको देखिन्छ। पीडितको उक्त कथन मिसिल संलग्न पीडितको संखुवासभा जिल्ला अस्पतालमा भएको घाउजाँच केश फाराममा उल्लिखित देब्रे हातको कुहिना मुनिबाट हात काटिएको

र दाहिने हातको वीचका तीन औंला काटिएको (Loss of left hand below elbow, loss of middle 3 fingers of right hand) भन्ने बेहोराबाट समेत पुष्टि हुन आएकोले प्रत्यर्थी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन आएको देखियो। उच्च अदालतले सोही बमोजिम कसुर ठहर गरे उपर प्रतिवादीले पुनरावेदन नगरी स्वीकार गरी बसेबाट पनि त्यस तर्फ थप विवेचना गरिरहनु परेन।

३४. यस स्थितिमा वादी नेपाल सरकारले प्रतिवादी धर्मनाथ भन्ने धर्मराज राईको हकमा अभियोग दावी बमोजिम सजाय गर्नुपर्नेमा कम सजाय गरेको भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, साविक मुलुकी ऐन, कुटपिटको महलको १नं. मा "**कसैले कसैलाई हात हतियार उठाई वा अरु कुनै प्रकारले रगतपच्छे घा चोट अंगभंग पारेमा वा जीउमा अरु पीडा नोक्सान हुने काम गरेमा कुटपिट गरेको ठहर्छ।**" भन्ने व्यवस्था रहेको र सोही महलको २ को देहाय ७ नं मा "**मेरुदण्ड, डँडेल्नु, हातखुट्टा वा यिनकै जोर्नी भाँची, फोरी फुकाली बेकम्मा पारिदिएमा अंगभंग ठहर्छ**" भन्ने व्यवस्था रहेको छ। साथै सोही महलको ६नं. मा "**अंगभंगको खतमध्ये दृष्टिविहीन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएको खतमा जुनसुकै एक खत गरे पनि सो गर्नेलाई तीन लाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। ती खतहरुबाहेक अंगभंगको अरु खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दुई लाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटाभन्दा बढी अंग हुनेमा सोमध्ये एउटा अंग मात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको सजायको आधा सजाय गर्नुपर्छ। सो खत निको भई काम लाग्ने भएमा भने एक लाख रुपैयाँ जरिवाना र दुई वर्ष कैद गर्नुपर्छ। यसरी जरिवानावापत प्राप्त पुरै रकम पीडितलाई घा खर्चवापत दिइनेछ।**" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दालाई उल्लिखित कानूनी व्यवस्थाको रोहमा हेर्दा प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईले श्याममाया राईको दायाँ हातको तीनवटा औंला र बायाँ हातको कुहिनादेखि तलको भाग काटी छिनाली दिएको अवस्था छ। **यसबाट निजको दुवै हात बेकम्मा भई सामान्य काम गर्न सक्ने अवस्था समेत नरहेको देखियो। साथै मिसिलबाट पीडित श्याममाया राई प्रतिवादीको पूर्व श्रीमती रहेको र निजले जाहेरवालासँग विवाह गरेको रिसइवीले प्रतिवादीले पीडितलाई अंगभंग बनाउने पूर्वयोजनाका साथ पीडितको बायाँ हातको कुहिनादेखि तल र दायाँ हातको तीनवटा औंला काटी छिनाएको र यसबाट पीडितको दुवै हात बेकम्मा बनाई दैनिक**

**जीवनयापनका लागि सामान्य काम गर्न समेत नसक्ने भएको** अवस्थालाई एउटा मात्र हात **अंगभंग भएको भनी मान्न मिल्ने अवस्था देखिएन।** प्रतिवादीले पीडितको दुवै हात बेकम्मा पारिदिएको अवस्था देखियो। यस स्थितिमा सुरु अदालतले गरेको फैसला केही उल्टी गरी पीडितको एउटा मात्र हात बेकम्मा गराएको भनी प्रतिवादीलाई साविक मुलुकी ऐन, कुटपिटको महलको ६ नं. अनुसार रु.१,००,०००।-(एक लाख) जरिवाना र ४(चार) वर्ष कैद हुने तथा जरिवाना वापत प्राप्त पुरै रकम पीडितलाई घा खर्च वापत भराई दिने र प्रतिवादीलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार ठहरेको कैदमा पच्चिस प्रतिशतले छुट भई ३ (तीन) वर्ष कैद हुने गरी सजाय गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीलाई अभियोग दावी बमोजिम मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम दुई लाख रुपैयाँ जरिवाना र आठ वर्ष कैद हुनुपर्ने देखिन आयो। मिसिलबाट निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राई ६५ वर्ष भन्दा बढी उमेरको देखिँदा निजले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) बमोजिम पाउने सुविधिका सम्बन्धमा कानून बमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दाबाट बोलिरहनुपर्ने अवस्था देखिएन।

३५. तथापि मिसिल संलग्न कारागार कार्यालय संखुवासभाको च.नं. ५९२, मिति २०७६।११।०७ को पत्रबाट यी प्रतिवादी धर्मनाथ राई वि.सं. २०७६ को प्रजातन्त्र दिवसको अवसरमा नेपालको संविधानको धारा २७६, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ र फौजदारी कसुर (कैदकट्टा) नियमावली, २०७६ समेतको कानूनी व्यवस्था अनुसार ५०% कैद भुक्तान गरेको भनी बाँकी कैद छोट्याई माफी मिनाहा दिने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।११।०५ को निर्णयले बाँकी कैद मिनाहा भई थुनामुक्त भइसकेको देखिन आयो। यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (५) मा **"यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा पुनरावेदन, साधक जाँच वा पुनरावलोकन वा मुद्दा दोहोर्‍याउने अवस्थाको रोहमा विचाराधीन रहेको वा जुन अदालतको फैसलाबाट सजाय तोकिएको हो त्यस्तो सजाय अन्तिम भई नसकेको अवस्थामा गृह मन्त्रालयले उपदफा (३) बमोजिमको कारबाही गर्न सक्ने छैन"** भन्ने व्यवस्था गरेको र सो दफाको उपदफा (३) मा सजाय माफी मुलतवी

सम्बन्धी व्यवस्था रहेको देखिँदा कुनै पनि अदालतमा मुद्दा विचाराधीन रहिरहेको अवस्थामा गृह मन्त्रालयले कैद छोटयाई माफी मिनाहा दिने सम्बन्धी कारबाही गर्न नमिल्ने स्पष्ट देखिन आउँछ।

३६. तर प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।०५।११ मा भएको फैसला उपर वादी नेपाल सरकारले मिति २०७६।०८।१० मा यस अदालतमा पुनरावेदन गरी उक्त पुनरावेदन यस अदालतमा विचाराधीन रहिरहेकै अवस्थामा उल्लिखित कानूनी व्यवस्थालाई अनदेखा गरी मिति २०७६।११।०५ मा यी प्रतिवादीलाई बाँकी कैद छोटयाई माफी मिनाहा दिने निर्णय गरी थुनामुक्त गरेको देखियो। उक्त निर्णय अदालतमा विचाराधीन मुद्दाका प्रतिवादीका हकमा माफी मिनाहा सम्बन्धी कारबाही नै गर्न नपाइने उल्लिखित कानूनी व्यवस्थाको समेत विपरीत रहेको देखियो। यस अतिरिक्त, यस अदालतको पूर्ण इजलासबाट निवेदक भारती शेर्पा विरुद्ध राष्ट्रपतिको कार्यालय समेत भएको उत्प्रेषण परमादेश मुद्दामा[1] मिति २०८०।०७।१६ मा फैसला हुँदा कैद कट्टी गर्ने/कम गर्ने, छोटयाउने वा मिनाहा दिने जस्ता काम कारबाही र निर्णय गर्दा पीडितको हक संरक्षित रहने र पीडितलाई सामाजिक पुनःस्र्थापना र क्षतिपूर्ति सहितको न्याय सुनिश्चित गर्ने लगायतका कानून बमोजिमको रित प्रक्रिया पूरा गरी गर्नु पर्नेमा सो नगरीकन सम्माननीय राष्ट्रपतिबाट भएको कैद कट्टा सम्बन्धी निर्णय कायम रहन नसक्ने भएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने भनी सिद्धान्त प्रतिपादित भएको देखिन्छ। प्रस्तुत मुद्दामा यस अदालतमा विचाराधीन मुद्दाका प्रतिवादीलाई बाँकी कैद छोटयाई माफी मिनाहा दिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।११।०५ मा निर्णय भएकोमा सो निर्णय उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आलोकमा कायम रहन नसक्ने भएकोले प्रस्तुत मुद्दाकै रोहबाट बदर गरिदिएको छ। अब निज प्रतिवादीको बाँकी कैद कट्टा हुने गरी माफी दिने निर्णय नभए सरह निजलाई ठहरे बमोजिम पूरा सजाय हुनुपर्ने देखिन आयो।

३७. साथै, प्रचलित कानूनमा अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीलाई ठहरेको सजाय माफी मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा उक्त व्यवस्था विपरीत उच्च अदालतको फैसला उपर वादी नेपाल सरकार आफैले यस अदालतमा पुनरावेदन दायर गरी उक्त मुद्दा

[1] ०८०-WF-००२६

विचाराधीन रहेकै अवस्थामा प्रतिवादी धर्मनाथ राईको बाँकी कैद छोटयाई माफी मिनाहा दिने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट गरिएको निर्णय प्रति यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त निर्णयमा संलग्न अधिकारीलाई जिम्मेवार बनाउन र भविष्यमा पुनः यस्ता निर्णय हुन नदिन उचित र आवश्यक सतर्कता अवलम्बन गर्नू गराउनू भनी गृह मन्त्रालयका सचिवलाई लेखी पठाउन आवश्यक देखियो।

३८. अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईको हकमा विचार गर्दा, निज प्रतिवादी उपर समेत जाहेरी दरखास्त परेको र पीडित श्याममाया राईले निजको संलग्नता रहेको भनी मौकामा कागज गरेको देखिए तापनि निज निस्पेक्टर भन्ने अजय राईले सुरु अदालतको बयान र मौकाको अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा समेत आरोपित कसुरमा इन्कार रहेका, कसुर ठहर भएका अर्का प्रतिवादी धर्मनाथ राईले पनि यी प्रतिवादी उपर पोल बयान गरेको नदेखिएको साथै स्वयं पीडित घाइते र जाहेरवाला एकराज राईले सुरु अदालतमा बकपत्र गर्दा समेत वारदातमा निजको संलग्नता नरहको भनी बकपत्र गरेको देखिएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको भन्ने पुष्टि हुन नआएकोले निजलाई अभियोग दावीबाट सफाइ हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला सो हदसम्म मनासिव देखिन आयो।

३९. तसर्थ, माथि विवेचित आधार, कारण तथा कानूनी व्यवस्था समेतबाट प्रस्तुत मुद्दामा संखुवासभा जिल्ला अदालतबाट मिति २०७५।०८।१९ मा प्रतिवादी धर्मनाथ राईले अभियोग दावी बमोजिम मुलुकी ऐन, कुटपिट महलको १ र २(७) नं. को कसुर गरेको ठहर्नाले निजलाई सोही महलको ६ नं. बमोजिम ८ वर्ष कैद र रु २,००,०००।- (दुई लाख) जरिवाना हुने र सो ठहर भए तापनि निज प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) (क) बमोजिम २५ प्रतिशत छुट हुने हुँदा निज प्रतिवादीलाई ६ वर्ष कैद र रु.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने तथा निज प्रतिवादीबाट असुल हुने जरिवाना वापतको सम्पूर्ण रकम पीडित श्याममाया राईले घा खर्च वापत भराई पाउने साथै अर्का प्रतिवादी निस्पेक्टर भन्ने अजय राईले अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई भएको फैसला प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईको हकमा सम्म केही उल्टी भई निजलाई साविक मुलुकी ऐन, कुटपिटको महलको ६ नं. अनुसार रु.१,००,०००।-(एक लाख) जरिवाना र ४(चार)

वर्ष कैद गरी ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम २५ प्रतिशत छुट भई ३ (तीन) वर्ष कैद हुने र अरुमा सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।०५।११ को फैसला प्रतिवादी धर्मराज भन्ने धर्मनाथ राईको हकमा सम्म नमिलेकोले केही उल्टी भई निजलाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम रु. २,००,०००।- (दुई लाख रुपैयाँ) जरिवाना र आठ वर्ष कैद सजाय हुने तथा जरिवानाको रकम घा खर्च वापत पीडितले पाउने र प्रतिवादी निस्पेक्टर भन्ने अजय राईले अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी निस्पेक्टर भन्ने अजय राईलाई समेत अभियोग दावी बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी धर्मनाथ राईको हकमा उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला केही उल्टी भई निजलाई ८ वर्ष कैद हुने ठहरेको र निज मिति २०७५।०२।२३ देखि मिति २०७६।११।०५ सम्म १ वर्ष ८ महिना १४ दिन थुनामा बसी कैद मुक्त भएको देखिएकोले फैसलाले ठहरेको बाँकी कैद ६ वर्ष ३ महिना १६ दिनको बेरुजुको लगत कसी असुल उपर गर्नू भनी सुरु संखुवासभा जिल्ला अदालतमा लेखी पठाइदिनू।

२. प्रतिवादी धर्मनाथ राईलाई रु. २,००,०००।- जरिवाना हुने ठहरेकोमा संखुवासभा जिल्ला अदालतको च.नं. १३०४, मिति २०७६।१०।१० को पत्रबाट निजले जरिवाना वापतको रु. १,००,०००।- (एक लाख रुपैयाँ) सम्म बुझाएको देखिएकोले जरिवाना रु. १,००,०००।- (एक लाख रुपैयाँ) बेरुजु देखिँदा सो जरिवानाको लगत कसी असुल उपर गरी उक्त रकम पीडित घाइते श्याममाया राईलाई घा खर्च वापत बुझाइदिनू भनी संखुवासभा जिल्ला अदालतमा लेखी पठाउनूं।

३. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम यस अदालतमा विचारधीन मुद्दाको प्रतिवादी धर्मनाथ राईलाई बाँकी कैद माफी दिने गरी भएको निर्णयमा संलग्न अधिकारीलाई जिम्मेवार बनाउन र भविष्यमा पुनः विचाराधीन मुद्दामा निर्णय हुन नदिन उचित र

आवश्यक सतर्कता अवलम्वन गर्नू गराउनू भनी गृह मन्त्रालयका सचिवलाई प्रस्तुत फैसलाको प्रतिलिपि संलग्न गरी लेखी पठाउनू।

४. प्रतिवादी निस्पेक्टर भन्ने अजय राईका हकमा अभियोग दावीबाट सफाई पाउने ठहरेकोले सुरु जिल्ला अदालतको आदेशले मिति २०७५।०३।१८, र.नं. ३३१८ बाट राखेको धरौटी रकम रु. २०,०००।- फिर्ता पाउँ भनी निवेदन दिए फिर्ता दिनू भनी संखुवासभा जिल्ला अदालतलाई लेखी पठाउनू।

५. प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

६. प्रस्तुत मुद्दाको सरोकारवालाले नक्कल माग गर्न आए कानून बमोजिमको दस्तुर लिई नक्कल दिनू।

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत मिसिलहरु सम्बन्धित अदालतमा फिर्ता पठाई प्रस्तुत शुरु सक्कल तथा प्रमाण मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

डा. नहकुल सुवेदी
न्यायाधीश

उक्त रायमा सहमत छु।

डा. कुमार चुडाल
न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्ने-

इजलास अधिकृत : अमृता बोगटी

कम्प्युटर अपरेटर : शंकर सापकोटा

इति सम्वत् २०८२ साल वैशाख २ गते रोज ३ शुभम्---------------------------।